# धितोपत्र व्यवसायीहरुसंग goAML System सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले सञ्चालनमा ल्याएको goAML system मा धितोपत्र व्यवसायीहरुलाई पूर्ण रुपमा आवद्ध गर्ने उद्देश्यले इकाईको आयोजनामा मिति २०७९ जेष्ठ १३ मा काठमाडौंमा १ दिने अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । धितोपत्र व्यवसायीहरुका Compliance officer तथा सम्बन्धित कर्मचारीहरुको सहभागितामा गरिएको उक्त कार्यक्रममा इकाई, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडियस एण्ड क्लियरिङ्ग लि., नेपाल मर्चेण्ट बैंकर्स एशोसियसन, नेपाल स्टक ब्रोकर्स एसोसियसनबाट प्रतिनिधिहरु तथा विभिन्न मर्चेन्ट बैंकहरु, पोर्टफोलियो (फण्ड) मेनेजर कम्पनीहरु, स्टक ब्रोकर्स कम्पनीहरुबाट Compliance officer तथा सम्बन्धित कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।




इकाईका प्रमूख दीर्घ बहादुर रावलले सहभागीहरुलाई स्वागत गर्दै नेपाल तेस्रो चरणको पारस्परिक मूल्याङ्कन हुन लागेकोले धितोपत्र क्षेत्रलाई अपराधी तथा आतङ्कवादीले दुरुपयोग हुनबाट जोगाउन शंकास्पद र सीमा कारोवार रिपोर्टिङ्ग गर्न तथा AML/CFT को विषयमा थप कार्य गर्न आवश्यक रहेको बताउनुभयो । नेपाल धितोपत्र बोर्डका का.मु. कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठले सहभागीहरुलाई सक्रिय सहभागीताका लागि धन्यवाद ज्ञापन गर्दै धितोपत्र व्यवसायीहरुले AML/CFT को विषयलाई बिशेष ध्यान दिई शंकास्पद र सीमा कारोवार goAML मार्फत रिपोर्टिङ्ग गर्न अनुरोध गर्दै सबै किसिमको सहयोगका लागि बोर्ड तयार रहेको भनाइ व्यक्त गर्नुभयो ।

वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले धितोपत्र क्षेत्रका विभिन्न संस्थाहरुको भूमिकाबारे प्रष्ट्याउदै सहभागीहरुलाई कार्यक्रमबारे जानकारी गराउनु भएको थियो । कार्यक्रमको प्राविधिक सत्रमा इकाईका सहायक (सू.प्र.) दीपक पराजुलीले goAML Software सञ्चालन सम्बन्धी प्रस्तुती दिनुभएको थियो । कार्यक्रमलाई इकाईका सहायक निर्देशक अमिष शर्माले सञ्चालन गर्नुभएको थियो भने विवेश पोखरेल (IT), रन्जना गोतामे तथा यज्ञ प्रसाद सापकोटाले सहजीकरण गर्नुभएको थियो ।

